दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**मानव बेचबिखन अपराध हो ।**
- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
-वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।
**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**
नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष ३७ | अंक २१५ | बुटवल | २०८२ साउन १५ गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday July. 31, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## नाउपाबाट अध्यक्ष रञ्जिता बर्खास्त



बुटवल । नागरिक उन्मुक्ति पार्टी (नाउपा) ले रञ्जिता श्रेष्ठलाई अध्यक्षबाट हटाउने प्रस्ताव पारित भएको छ।

बुधबार काठमाडौंमा बसेको राष्ट्रिय भेलाले उनलाई अध्यक्ष पदबाट हटाउने प्रस्ताव पारित गरेको महासचिव ठाकुरसिंह थारुले जानकारी दिए।

अध्यक्ष कसलाई बनाउने भन्नेबारे छलफल चलिरहेको छ।

अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी पोखराको लिचीबारी घुसकाण्डमा मुछिएपछि शिव बास्तोलाई कार्यबाहक अध्यक्ष बनाइएको थियो । श्रेष्ठले स्वास्थ्यको कारण देखाउँदै बास्तोलालाई कार्यबाहक तोकेकी थिइन् । तर, उक्त विषय आफू र पार्टी सदस्यलाई चित्त नबुझेको भन्दै सो पार्टीका संरक्ष रेशम चौधरीसहितका नेताहरूले असन्तुष्टि राखेका थिए।

रञ्जितालाई अनुशासन समितिले कारबाही गरेको थियो। रञ्जिताले तोकिएको समय भित्र स्पष्टीकरण नदिएपछि उनलाई अध्यक्ष पदबाट हटाइएको जानकारी नाउपाले निर्वाचन आयोगलाई पनि दिइसकेको छ।

रञ्जितालाई पार्टी अध्यक्षबाट हटाएको पत्र मंगलबार आयोगमा दर्ता भएको थियो।

## भूमि विधेयक फिर्ता नलिए जनविद्रोह : यादव



बुटवल। जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमिसम्बन्धी विधेयक फिर्ता नलिए जनविद्रोह गर्ने चेतावनी दिएका छन्।

सप्तरीको राजविराजमा जसपा नेपाल सप्तरीको एकताको प्रथम जिल्ला अधिवेशनलाई बुधबार उद्घाटन गर्दै अध्यक्ष यादवले भने- 'वर्तमान सरकारले मधेश विरोधी भूमि विधेयक जबर्जस्ती लाद्न खोजिए मधेशी जनता आफ्नो अस्तित्व र पहिचानको रक्षाका लागि जनविद्रोह गर्न बाध्य हुनेछन् ।'

वन विनाश, चुरे उत्खनन् तथा पहाडका बासिन्दालाई मधेसमा भू-माफियाहरूलाई अवैध बसोबास गराउन सरकार षड्यन्त्रमा लागेकोले जनतालाई सचेत रहन उनले आग्रह गरे ।

सरकारको गलत नीतिका कारण मधेस मरूभूमिकरणतर्फ उन्मुख भएको आरोप लगाउँदै उनले मधेसमा पानीको हाहाकार रहेको तथा अन्नदाता नै सङ्कटमा परेकोले बजेट संशोधन गरी वर्तमान समस्या समाधान गर्न आग्रह गरेका छन् ।

पानीको जलस्तर घट्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै यादवले भने -'जमिनको सतहमा पानी कायम राख्नुको मूल आधार नै चुरे हो, बसोबासको नाममा वन फँडानी गरी बसोबास चुरेको संरक्षण नगरिए मधेशको भूमि मरुभूमि हुनेछ ।'

» बाँकी ३ पेजमा

### रास्वपा संसदीय दल भैरहवामा :

# भ्रष्टाचारविरुद्ध सदन र सडक आन्दोलन गर्ने



**लुम्बिनी संवाददाता**
*बुटवल*

राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले भिजिट भिसा प्रकरणसहित भ्रष्टाचारविरुद्ध सदनसँगै सडक आन्दोलन गर्ने भएको छ।

रुपन्देहीको भैरहवामा बुधबार दिउँसो बसेको संसदीय दलको बैठकले भिजिट भिसा प्रकरणमा संसदीय छानबिन समिति गठन नभएसम्म सदनमा विरोध जारी राख्ने निर्णय गरेको छ।

साथै भिजिट भिसाको आवरणमा भएको भ्रष्टाचार र अन्य भ्रष्टाचार तथा बेथितिविरुद्धको आन्दोलनलाई सदनदेखि सडकसम्म जारी राख्ने निर्णय गरेको हो।

बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै प्रमुख सचेतक सन्तोष परियारले भ्रष्टाचारविरुद्धको आन्दोलनलाई सदनसँगै सडकसम्म पुराएर फराकिलो बनाउने निर्णय भएको बताए।

भूमिसम्बन्धी विधेयक, निजामती विधेयकलगायतमा सरकारले सार्वभौम संसद्लाई नै आक्रमण गरेको संददीय दलको बैठकले ठहर गरेको र यसविरुद्ध समितिमा सशक्त भएर आवाज उठाउन संसदीय दलले निर्देशन गरेको परियारले जानकारी दिए।

यस्तै, सर्वोच्च अदालतले प्रवासी नेपालीहरुलाई चुनावमा मताधिकार दिने व्यवस्था गरेकोमा त्यसको कार्यान्वनको लागि सरकारसँग जोडदार माग गर्ने निर्णय गरेको परियारले बताए।

त्यस्तै, गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा रुपन्देहीको पर्यटन व्यवसायमा परेको असर, खडेरीले किसानलाई परेको मर्का, प्रवासी नेपालीलाई रास्वपासँग जोड्ने पार्टीका सांसदको भूमिकालगायत विषयमा छलफल भएको उनले जानकारी दिए।

रास्वपा नेता र सांसदहरू रुपन्देहीमा पार्टीले सञ्चालन गरेको हस्ताक्षर अभियानमा सहभागी हुने र रुपन्देही ३ को आसन्न उपनिर्वाचनका विषयमा समेत स्थानीय पार्टी नेताहरूसँग छलफल गर्ने छन्।

रास्वपा नेता र सांसदहरू आजसम्म रुपन्देहीमा रहने र आजै साँझ काठमाडौं फर्कनेछन्।

रुपन्देही आगमनका क्रममा पार्टी उपसभापति डीपी अर्याल र सोविता गौतमले सहकारी ठगी प्रकरणमा थुनामा रहेका पार्टी सभापति रवि लामिछानेलाई छुट्टाछुट्टै भेट गरेका छन्।

आज रास्वपा नेताहरुले रुपन्देही ३ मा हुन लागेको उपनिर्वाचनमा मतदाताले कस्तो उम्मेदवार चाहेका छन् भनेर उनीहरुको मनोभावना बुझ्ने, पार्टी संगठनको विषयमा जिल्ला नेताहरुसँग छलफल गर्ने कार्यक्रम तय भएको प्रमुख सचेतक परियारले जानकारी दिए । पार्टीले रुपन्देही ३ को उपनिर्वाचनमा उम्मेदवार बन्नका लागि आवेदन माग गरिसकेकाले उम्मेदवारहरुको आवेदन दिने म्याद पूरा भएपछि मात्रै उम्मेदवारबारे छलफल हुने परियारले बताए।

रुपन्देही ३ का आगामी कार्तिक १७ गते उप-निर्वाचन हुँदैछ। गत आम निर्वाचनमा रास्वपा यो क्षेत्रमा समानुपातिकतर्फ १४ हजार बढी मतसहित तेस्रो ठूलो दल बनेको थियो। त्यो बेला संगठन निर्माण गरिनसकेको रास्वपाले अहिले वडा तहसम्म संगठन निर्माण गरिरहेको छ। रुपन्देही ३ का ३६ वटा वडामै हस्ताक्षर अभियान सञ्चालन गरेको पार्टीले यो क्षेत्रमा मात्रै करिब २० हजार हस्ताक्षर संकलन गरिसकेको क्षेत्रीय सभापति मधु अर्यालले बताए। रास्वपाले रुपन्देही ३ मा जित निकाल्ने रणनीतिमा छ।

## दाउन्ने खण्डमा सडक ढलान हुँदै



परासी । पूर्व-पश्चिम राजमार्गअन्तर्गत बुटवल-नारायणगढ सडक खण्डमा पर्ने दाउन्नेमा सडक ढलानको काम धमाधम भइरहेको छ। गत दुई सातादेखि ठूलो वर्षा नपरेकाले राजमार्ग ढलानको कामले तीव्रता लिएको हो । बुधबारसम्म पूर्वी खण्डमा ८३० मिटर र पश्चिम खण्डमा १,४०० मिटर सडक ढलान भइसकेको छ। ठाडो उकालो भएका कारण ढलान सडक टिकाउ हुने भएकाले यस क्षेत्रमा प्राथमिकताका साथ ढलान सडक निर्माण भइरहेको छ।

सडक आयोजना निर्देशनालयका प्रमुख इञ्जिनियर चुडाराज ढकालका अनुसार दाउन्ने सडक सर्वेक्षण गर्दा ढलान सडक निर्माणको योजना नभए पनि वर्तमान अवस्थाको विश्लेषणपछि टिकाउ सडक निर्माण गर्न ढलान सडक निर्माण सुरु गरिएको हो।

दाउन्ने खण्डमा पर्ने करिब १४ किलोमिटर सडकमध्ये पश्चिमतर्फ करिब ३ किलोमिटर सडक कालोपत्रे भइसकेको छ। ठाडो उकालो र बढी पानी बग्ने स्थानमा ढलान सडक निर्माण गरिएको उनले बताए । बाँकी १० किलोमिटर सडकमध्ये बुधबारसम्म दुवै तर्फ गरेर २ किलोमिटर सडक ढलान भइसकेको छ।

इञ्जिनियर ढकालका अनुसार ढलान सडक कालोपत्रे सडकभन्दा लागतमा महँगो भए पनि करिब चार गुणा टिकाउ हुन्छ । चिनियाँ ठेकेदार कम्पनीले सम्पूर्ण दाउन्ने सडक ढलान गर्न प्रस्ताव गरेको छ।

घुमाउरो पहाड भएको दाउन्ने सडक तीन लेनको हुनेछ। १३ मिटर फराकिलो सडकमा अहिले पहिरो रोक्न पर्खाल (रिटेनिङ वाल) ठड्याउने काम पनि भइरहेको छ। ठेकेदार कम्पनीले १०० भन्दा बढी मजदुर परिचालन गरेको छ।

चीनको स्टेट इञ्जिनियरिङ कन्स्ट्रक्सन कम्पनीले पूर्वी नवलपरासीकै सर्दीस्थित चिनियाँ लगानीमा निर्मित होङ्सी सिमेन्ट प्रयोग गरेर काम गरिरहेको छ।

२०७५ चैत ८ गते सुरु गरिएको सडक निर्माणको काम बुधबारसम्म ७० प्रतिशत पूरा भएको सडक विभागले जनाएको छ । ठेकेदार कम्पनीले २०८३ साल माघसम्म म्याद थप गर्न माग गरे पनि सडक विभागले अधिकतम आउँदो साउनसम्म एक वर्ष मात्र म्याद थप्ने गरी गृहकार्य गरिरहेको निर्देशनालय प्रमुख ढकालले बताए।

उनका अनुसार म्याद एक वर्ष थपिए पनि लागत भने नबढ्ने दाबी गरिएको छ । नारायणगढ-बुटवल सडक खण्डको भौतिक प्रगति ७० प्रतिशत पुगेको छ।

आयोजनाले बुधबार यस्तो जानकारी गराए पनि यो आयोजनाको काम सुस्त गतिमा अगाडि बढ्दा सरकारको समेत चर्को आलोचना हुँदै आएको छ।

कुल ११४.५३ किलोमिटर लामो यो सडक खण्डमा दाउन्ने बाहेक सबै स्थानमा कालोपत्र भएसँगै यात्रा सहज भइसकेको आयोजनाले जनाएको छ। दाउन्ने क्षेत्रको १३ किलोमिटर सडकमा भने अहिले पनि सास्ती छ। खासगरी पानी परेको समयमा सवारीसाधन चिप्लिँदा यात्रा प्रभावित हुने गरेको छ । आयोजनाका अनुसार दाउन्ने खण्डसमेत यसै हिउँदसम्म सक्ने लक्ष्य छ। त्यसपछि यो खण्डको यात्रा सहज हुने अपेक्षा छ।



## सम्पादकीय

# सम्भव छ सरकारी खर्च नियन्त्रण

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आफ्नो खर्चमा व्यापक कटौती गर्नु सकारात्मक छ। आर्थिक वर्ष २०८१/०८२ मा कुल खर्च झण्डै ३३ प्रतिशत घटाएर अरु मन्त्रालय र मातहतका निकायलाई पनि मितव्ययी बन्न प्रेरित गरेको छ।

आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयले ४१ अर्ब ४७ करोड रुपैयाँ खर्च गरेको छ। जबकि अघिल्लो आर्थिक वर्षमा यस्तो खर्च ६२ अर्ब १३ करोड रुपैयाँ रहेको थियो। कार्यालयले गरेको खर्च कटौतीमध्ये इन्धनमा ७९ दशमलव ७० प्रतिशत खर्च कटौती भएको छ। गत वर्ष इन्धनमा ७३ लाख ८१ हजार रुपैयाँ खर्च गरेको कार्यालयले यो वर्ष १४ लाख ९८ हजार रुपैयाँ खर्च गरेको हो। दोस्रो खर्च कटौती मसलन्द तथा कार्यालय सामाग्रीमा रहेको छ। सो शीर्षकमा अघिल्लो वर्ष ५१ लाख रुपैयाँ खर्च भएकोमा यो वर्ष १४ लाख ३६ हजार रुपैयाँ खर्च भएको देखिएको छ। यो ७१ दशमलव ८४ प्रतिशतको कटौती हो। त्यस्तै, पारिश्रमिकमा ३१ दशमलव ४९ प्रतिशत खर्च सदुपयोग भएको छ। अघिल्लो वर्ष २ करोड ४० लाख रुपैयाँ खर्च कटौती भएकोमा यो वर्ष खर्च १ करोड ६४ लाख रुपैयाँमा सीमित भएको छ।

प्रधानमन्त्री कार्यालयले विगतदेखि नै खर्च कटौतीको कुरा धेरै गर्दथ्यो तर व्यवहारमा कार्यान्वयन हुन सकेको थिएन्। अहिले व्यवहारमा कार्यान्वयन भएको छ। प्रधानमन्त्री कार्यालयले गरेको प्रयासलाई तहगत सरकारका सबै निकायमा लागु गर्न आवश्यक छ। स्रोतमा आएको संकुचनलाई ख्याल गर्दै मितव्ययी बन्न नसक्ने हो भने नेपालको संघीय शासन प्रणालीमाथि नै प्रश्न उठ्ने छ, प्रणालीको सही व्यवस्थामा नलाग्ने, तर प्रणालीलाई गलत भन्ने प्रवृत्तिलाई पछ्याइरहने हो भने केही गर्न नसक्ने विन्दुमा पुग्ने दिन टाढा छैन।

स्थानीय तहमा अधिकारको प्रयोगसँगै कर्तव्यको पालना भएन्। राज्य स्रोतको मितव्ययी प्रयोग र नतिजामुखी बजेट परिचालनमा ध्यान दिन ढिलाइ भइरहेको छ। प्रदेश सरकार मितव्ययी बन्न नसक्दा व्यर्थका भार भन्ने टिप्पणी गर्नेहरुलाई बल पुगेको छ। अनावश्यक मन्त्री, मन्त्रालयका संरचना, मुख्यमन्त्रीको भद्दा सचिवालयमा कटौती गरी चुस्त व्यवस्थापन र परिचालनका धेरै काम गर्न प्रदेशमा पनि उत्तिकै आवश्यक छ।

सार्वजनिक खर्चलाई उत्तरदायी तथा परिणाममुखी बनाउने उपाय सुझाउन आर्थिक वर्ष २०७५/०७६ को बजेटमार्फत् घोषणा गरी अर्थशास्त्री डा.डिल्लीराज खनाल नेतृत्वमा आयोग गठन गरिएको थियो। आयोगले सार्वजनिक खर्च प्रणालीमा गरिनुपर्ने अनेकौं सुधार र पुनर्संरचनाका खाका सहित २०७५ फागुनमा सरकारलाई प्रतिवेदन बुझाएको थियो। सरकारले इमानदारीपूर्वक प्रतिवेदन कार्यान्वयन गरेको भए सार्वजनिक खर्चमा देखिएका अहिलेका बेथितिमा सुधार हुने थियो। प्रतिवेदनले फजुल खर्च नियन्त्रणका लागि संघीय मन्त्रालयलाई २१ बाट घटाएर १६ बनाउन, कतिपय विभाग खारेजी सहित कर्मचारी कटौती गर्न, दर्जनौं सार्वजनिक संस्था खारेजीमा लैजान सुझाव दिएको थियो। पूर्व अर्थसचिव रामेश्वर खनाल नेतृत्वको समितिले पनि सरकारलाई अर्थतन्त्रको समग्र समस्या समाधानको लागि प्रतिवेदन दिएको छ। प्रतिवेदन थन्काउनका लागि होइन्, कार्यान्वयनको लागि हो। इमान्दारीपूर्वक कार्यान्वयन गरौं, सुधारको थालनी गरौं।

# स्वार्थको राजनीति छोडेर जिम्मेवार बन्न जरूरी



शंकरनाथ काफ्ले

प्रदेशमा देखिएको असमझदारी केन्द्रले सुल्झाउन प्रयास गर्नुपर्ने थियो। तर त्यो सामर्थ्यता देखिएन। आए एउटा प्रदेशमा देखिएको विग्रहको रोग भोलि क्रमशः अर्को प्रदेशमा नसर्ला भन्न सकिन्न। आज एउटा दलमा देखिएको आन्तरिक असमझदारी भोलि अर्को दलमा देखा नपर्ला भनी भन्न सकिन्न। तसर्थ यस्ता कुरालाई केन्द्रीय नेतृत्वहरुले बेलैमा समाधान गर्नुपर्दछ।



आजभोलि मुलुकको राजनीतिक माहौल विशेष रुपले तातिरहेको छ। राज्यले रवि लामिछानेको विरुद्ध प्रतिशोध साँध्यो भनेर त्यसको विरुद्ध नेपाली जनताले हस्ताक्षरमार्फत् समर्थन जनाइरहेका छन्, त्यसको कारणले राजनीतिक दलहरुको पसिना छुटिरहेको छ। नेकपा एमालेले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यतालाई अमान्य घोषणा गरिदिएको छ, जसले गर्दा पूर्वराष्ट्रपति विशेष पत्रकार सम्मेलन गर्न बाध्य हुनुभएको छ। अर्कोतर्फ बागमती प्रदेशका मुख्यमन्त्रीविरुद्ध नेपाली कांग्रेस स्वयंले आफ्नो संसदीय दलमा अविश्वासको प्रस्ताव दर्ता गराएको छ, यसले पार्टीभित्रको आन्तरिक द्वन्द्व कतिसम्म चुलिएको छ भन्ने कुरा देखाएको छ भने राप्रपाभित्र पनि आन्तरिक संघर्षबाहिर पोखिने गरी सार्वजनिक भइरहेको छ।

उच्चस्तरीय संसदीय छानबिन समितिले रास्वपा सभापति रवि लामिछानेलाई कुनै पनि सहकारीबाट प्रत्यक्षरुपमा कर्जा लिएको नदेखिएको भनी प्रतिवेदन सार्वजनिक गरेको भए पनि सरकारले विभिन्न उपाय रचेर उनीमाथि विभिन्न सहकारीको रकम अपचलन गरेको भन्ने आरोप लगाई विभिन्न ५ वटा जिल्लाहरुमा संगठित अपराध, सहकारी ठगी र सम्पत्ति शुद्धीकरणलगायतका विषयमा मुद्दा चलाइरहेको छ। जिल्ला अदालतहरुले उनलाई धरौटीमा राखेर पुर्पक्ष गर्नु भनी आदेश दिएको भए पनि भैरहवा जिल्ला अदालतको फैसलाउपर तुलसीपुर उच्च अदालतले सुप्रिम सहकारी ठगीको सन्दर्भमा रवि लामिछाने गोर्खा मिडिया नेटवर्कसँग जोडिएको भन्दै जिल्ला अदालतको आदेश उल्टाउँदै पुर्पक्षको लागि थुनामा राख्ने आदेश भएको छ, जसलाई सम्मानित सर्वोच्च अदालतले समेत सदर गरेको छ। तसर्थ रास्वपा सभापति रवि लामिछानेलाई पुर्पक्षको लागि भैरहवा जिल्ला कारागारको ब्लक नम्बर ४ मा एक्लै राखिएको अवस्था छ। उनीमाथि लागेको आरोप न्याय निरुपणको सिलसिलामा भएकोले त्यसलाई स्वीकार्नुको विकल्प रहेन। तर आम नागरिक त्यो कुरालाई सहजरुपमा मान्न तयार भएको देखिँदैन। उनीमाथि राज्यले प्रतिशोध र पूर्वाग्रहपूर्ण व्यवहार गरिरहेको छ भन्नेमा नागरिकको आरोप रहेको छ।

रास्वपा, सरकारले आफ्नो पार्टी सभापतिको राजनीतिक भविष्य समाप्त गर्नको लागि विभिन्न खाले षड्यन्त्रमूलक तानाबाना बुनेर प्रहार गरिरहेको भन्ने आरोप लगाइरहेको छ। रवि लामिछानेलाई कमजोर बनाउन सकेमा रास्वपा भन्ने पार्टीको अस्तित्व पनि समाप्त हुनेछ र ०८४ मा हुने निर्वाचनमा ठूला दलहरु पहिलेकै अवस्थामा पुग्नेछन् भन्ने भ्रम चिर्नको लागि हस्ताक्षर अभियानलाई अघि बढाइरहेको छ। रास्वपाको उक्त हस्ताक्षर संकलन अभियानमा विभिन्न प्रतिष्ठित व्यक्तिहरुलगायत आम नेपाली नागरिकको उत्साहजनक सहभागिता रहेको देखिएको छ। रास्वपाको भनाइअनुसार हालसम्म करिब ३० लाख व्यक्तिहरुले हस्ताक्षर गरिसकेको अवस्था छ। यो संख्या अझै बढ्ने देखिएको छ। यो हस्ताक्षर अभियानले रवि लामिछाने जेलबाट छुट्ने त होइन तर उनीप्रति नेपाली जनताको समर्थन कुन रुपमा वृद्धि हुँदै छ भन्ने पुष्टि भने अवश्य भएको छ। सरकार रवि लामिछानेलाई एउटा क्रुर सहकारी ठग, राज्यलाई दोहन गर्ने संगठित अपराधी, जसले जीवनभर कालोधन्दा गरेर अकूत सम्पत्ति कमायो र त्यसलाई शुद्धीकरण गर्ने दुस्प्रयास गर्दै छ भनेर प्रमाणित गर्न खोज्दै छ। यो आरोप लागेको मानिस जनताको नजरमा घृणित हुँदै जानुपर्ने थियो। तर ठूला पार्टीको लागि विडम्बना, आम सर्वसाधारण जनता यो कुरा मान्न तयार छैनन्। यो सब सरकारको जाल हो, यो सबै षड्यन्त्र मात्र हो भन्ने सोचिरहेका छन्। तसर्थ रविप्रति दिन-प्रतिदिन नागरिकको आस्था बढ्दै गएको देखिन्छ। आगामी निर्वाचनमा यही आधारमा ठूला दलहरु झन् खस्कने र रास्वपा झन् अघि बढ्ने संकेतहरु देखा परिरहेका छन्। जनता जनार्दन हुन्, जनता सार्वभौम हुन् भनेर भनिएको कारण यही होला। आजको नेपाली जनतालाई कुन कुरा सत्य हो, कुन कुरा जाली हो भन्ने ठम्याउन मुस्किल पर्ने देखिँदैन।

रास्वपा सभापति रवि लामिछाने दोषी हुन् वा होइन भन्ने कुराको पुष्टि सम्मानित अदालतले त गर्ने नै छ तर त्योभन्दा पहिला आम सर्वसाधारणले सरकारको नियतमाथि प्रश्नचिह्न उठाइरहेको कारण राजनीतिक घटनाक्रमहरुले जुनसुकै मोड लिन सक्ने सम्भावना देखा परिरहेको छ। तसर्थ सुझबुझ र संयमको नीति सबैले अपनाउनुपर्ने आवश्यकता छ।

अर्कोतर्फ, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले राजनीतिमा आउनुहुन्थ्यो वा हुन्थेन भन्ने कुरा उहाँको राष्ट्रपति पद समाप्त हुनुअघि नै पार्टीले एउटा आचारसंहिता निर्माण गरिसकेको हुनुपर्दथ्यो। उहाँ पार्टी राजनीतिमा आउने कुरा धेरै अघिदेखि चर्चा चल्ने गरेको थियो। पूर्वउपराष्ट्रपतिले माओवादी केन्द्रको उपाध्यक्षको रुपमा जिम्मेवारी सम्हालिसक्नुभएको अवस्था छ। त्यसमा त्यति चर्चा चलेन। नेकपा एमाले र मदन भण्डारी फाउन्डेसनको संयुक्त आयोजनामा गत असार १४ गते आयोजना गरिएको स्व. मदन भण्डारीको जन्मजयन्ती कार्यक्रमको अवसर पारेर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफू एमालेको सदस्य भएको र आफू सक्रिय राजनीतिमा आउने घोषणा गर्नुभएको थियो। उक्त घोषणालाई नेकपा एमालेले स्वीकार्न चाहेन। नेकपा एमालेले आगामी भाद्र महिनामा विधान अधिवेशन गर्दै छ।

उक्त विधान अधिवेशनले यसअघि पार्टीले अंगिकार गरेको ७० वर्षे उमेर हदको सीमा र नेतृत्वमा २ कार्यकालभन्दा बढी बस्न नपाइने भन्ने दुवै व्यवस्थालाई हटाउन चाहन्छ। यो दुवै सीमाले वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई पुनः पार्टी अध्यक्ष बन्नको लागि रोक्ने भएकोले उहाँकै सहजताको लागि विधान संशोधन गर्न लागिएको हो भन्ने प्रस्ट छ। पार्टीभित्र यस्तो वातावरण बनिरहेको अवस्थामा सम्माननीय पूर्वराष्ट्रपति पार्टीमा सक्रिय हुन चाहेको उद्घोषले तरंग आउनु स्वाभाविक नै हो। विद्यादेवी भण्डारीको पार्टीमा सक्रियता भन्नुको अर्थ नेतृत्वको दाबी नै हो। तसर्थ पार्टीमा आज बनिरहेको वातावरणलाई धमिलो पार्न नेतृत्व पक्कै चाहँदैन। तसर्थ नैतिकताको दण्ड देखाएर विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरणलाई पार्टीले अस्वीकार गरेको घोषणा गर्न पुग्यो। यद्यपि यो पार्टीको आफ्नो आन्तरिक विषय हो।

पार्टीले गरेको निर्णयलाई पूर्वराष्ट्रपतिले स्वीकार्न चाहनुभएन। त्यो निर्णयलाई चुनौती दिँदै विद्यादेवी भण्डारीले पूर्वउपाध्यक्षको हैसियतमा बृहत् पत्रकार सम्मेलन गरेर असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले पार्टीको उक्त निर्णय नमान्ने घोषणासहित आफू सक्रिय राजनीतिमा आइसकेको घोषणा गर्नुभएको छ। नेपालको राजनीतिमा महिला प्रधानमन्त्री भएको अवस्था छैन। अझै लामो समय महिलाले सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गर्न सक्ने अवस्था पनि देखिएको छैन। यद्यपि विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा आई अनुकूल वातावरण बन्न पुग्यो भने ०८४ को निर्वाचनपछि कुनै न कुनै अवस्थाले उहाँलाई प्रधानमन्त्रीको पदसम्म पनि पुऱ्याउन सक्छ भन्ने आधारहरु पनि देखा परिरहेका छन्।

तसर्थ एउटा कोणबाट विद्यादेवी भण्डारीको सक्रिय राजनीतिको वकालत गर्नेहरु पनि रहेका देखिन्छन्। विद्यादेवी भण्डारीको सदस्यता खारेज गर्ने, उहाँलाई सक्रिय राजनीति गर्न रोक्नेलगायतका कार्यहरु हुन गए भने एमालेमा क्रमशः विद्रोहका घटनाहरु दोहोरिरहने सम्भावना छ। तसर्थ, एमालेको विग्रहले पार्टीलाई मात्र होइन राज्यलाई समेत प्रतिकूल असर पर्न सक्ने भएकाले बेलामा नै सावधानी अपनाउनु र जिम्मेवार बन्नु आवश्यक छ।

त्यस्तै, बागमती प्रदेशका मुख्यमन्त्रीविरुद्ध आफ्नै संसदीय दलका नेताहरुले अविश्वासको प्रस्ताव राखेर अर्को वितण्डा मच्चाउने कार्य भएको छ। त्यो आवश्यकता थियो वा थिएन, आन्तरिक विषय हुन सक्ला तर त्यो घटनाबाट विकसित हुने परिणामको असर प्रत्यक्षरुपमा नेपाली जनताले समेत बहन गर्नुपर्ने भएकोले त्यो सार्वजनिक चासोको विषय बनेको छ। दलभित्रको कुरा दलले नै सुल्झाउने हो। प्रदेशमा देखिएको असमझदारी केन्द्रले सुल्झाउन प्रयास गर्नुपर्ने थियो। तर त्यो सामर्थ्यता देखिएन। आए एउटा प्रदेशमा देखिएको विग्रहको रोग भोलि क्रमशः अर्को प्रदेशमा नसर्ला भन्न सकिन्न। आज एउटा दलमा देखिएको आन्तरिक असमझदारी भोलि अर्को दलमा देखा नपर्ला भनी भन्न सकिन्न। तसर्थ यस्ता कुरालाई केन्द्रीय नेतृत्वहरुले बेलैमा समाधान गर्नुपर्दछ। विवादलाई व्यक्तित्वको महत्वाकांक्षासँग भन्दा पनि राष्ट्रिय सरोकारसँग जोडेर हेर्ने गर्नुपर्दछ। आज राप्रपाभित्र पनि नेतृत्वलाई आफ्नो अनुकूल छैन भन्ने लागेको विषयमा कारबाहीको कैंची चलाउने अभ्यास शुरु भएको देखिन्छ। यसमा माओवादी पनि अछूतो त छैन, तर पनि उसले आजसम्म आफूलाई तुलनात्मकरुपमा त्यो हदसम्म पुऱ्याएको देखिँदैन।

यस प्रकार मुलुकका सम्पूर्ण राजनीतिक दलहरुले मुलुक र जनताको हितमा भन्दा आफ्नो व्यक्तिगत स्वार्थको लागि राजनीतिक अभ्यास अघि बढाउँदै लाने हो भने लोकतन्त्रको सुदृढीकरण हुन सक्दैन। आज लोकतन्त्र सुदृढीकरणको लागि राष्ट्रिय एकता कामय गरी संविधानको आवश्यक संशोधन गर्नुपर्ने बेला आएको छ। तर कुलिङ पिरियडजस्तो सामान्य विषयमा समेत दलहरुले देखाएको ताण्डव नृत्यले सहमति कायम गरेर सर्वमान्य संविधान संशोधन गर्न सक्लान् र गर्छन् भनेर विश्वास गर्ने एकरत्ति सम्भावना देखिएको छैन। अतः यो बुझौं, लोकतन्त्र जोगिए नेता जोगिन्छन्, देश जोगिए जनता जोगिन्छन्।

समाचारपत्रबाट

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार उच्च अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक ४७ दशमलव ९३ अङ्कले घटेर दुई हजार ९५४ दशमलव १४ को विन्दुमा कायम भएको हो। यो एक दशमलव ५९ प्रतिशतको गिरावट हो।

३२७ कम्पनीको तीन करोड ६४ लाख १७ हजार ७४२ कित्ता शेयर एक लाख ४१ हजार ५२० पटक खरिदबिक्री हुँदा रु १६ अर्ब ४४ करोड १३ लाख ५४ हजार ४०८ बराबरको कारोबार भएको हो। कारोबारमा अन्य समूह शून्य दशमलव ८५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। विकास बैंक र लघुवित्त समूहको उपसूचकमा उच्च गिरावट देखिएको छ।

सान्भी इनर्जी लिमिटेड र ट्रेड टावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव चार प्रतिशतले घटेको छ।

# दैनिक कफी पिउँदा रगतमा चिनीको मात्रामा गर्छ यस्तो असर

केही व्यक्तिहरू यस्ता पनि हुन्छन्, जसलाई आँखा खुल्ने बित्तिकै तातो कफी नखाई हुन्न। कोही कोही त दिनभरि पनि बिच बिचमा कफी खाइरहन्छन्।

तपाईंको बानी पनि यस्तै छ ? यदि छ भने यो लेख तपाईंको लागि हो।

कफी एउटा पेय पदार्थ मात्रै होइन। धेरै मानिसहरूको लागि त यो ऊर्जाको स्रोत हो। दिनभरको थकानबाट छुटकारा पाउने तरिका हो।

तर के तपाईंले कहिल्यै सोंच्नुभएको छ, तपाईंलाई मनपर्ने यो पेयले तपाईंको रगतमा चिनीको मात्रामा कस्तो प्रभाव पार्छ ?

आजको यस लेखमा हामी कफीले रगतमा चिनीको मात्रालाई गर्ने असरबारे कुराकानी गर्नेछौं।

**कफीले रगतमा चिनी बढाउँछ ?**

कफीमा रहेको क्याफिनले तपाईंको रगतमा चिनीको मात्रा अस्थायी रूपमा बढाउन सक्छ भनेर केही अध्ययनमा पाइएको छ। यस्तो यस कारण पनि हुन्छ कि क्याफिनले एड्रेनालाईनजस्ता तनाव हर्मोनहरू बढाउँछ।

यसले चिनी प्रशोधन गर्ने कोषहरूको क्षमतालाई अस्थायी रूपमा कम गर्न सक्छ।

यसले इन्सुलिन संवेदनशीलतालाई पनि असर गर्न सक्छ, जसको अर्थ तपाईंको कोषहरूले इन्सुलिन हर्मोनलाई राम्रोसँग प्रतिक्रिया दिन सक्दैनन्।

यो विरोधाभास अलि भ्रामक लाग्न सक्छ, तर यसको पछाडि धेरै कारणहरू छन्ः

**कफीमा पाइने अन्य इन्जाइमहरूः**

कफीमा क्याफिन मात्र हुन्न। यसमा एन्टिअक्सिडेन्ट र म्याग्नेसियम जस्ता धेरै अन्य जैविक सक्रिय यौगिकहरू पनि हुन्छन्। यी तत्त्वहरूले शरीरमा सुन्निएको कम गर्न र इन्सुलिन संवेदनशीलता सुधार गर्न मद्दत गर्न सक्छन्, जसले लामो समयसम्म रगतमा चिनीको मात्रा सुधार गर्दछ।

**चिनी हालेको कफी कि नहालेकोः**

यो सबै कुरा तपाईंले आफ्नो कफीमा के थप्नुहुन्छ भन्नेमा निर्भर गर्दछ। यदि तपाईंले चिनी, क्रिम वा स्वादयुक्त सिरप जस्ता चीजहरू थप्नुभयो भने, यसले निश्चित रूपमा रगतमा चिनी बढाउन सक्छ। तर चिनी र दूध बिनाको कालो कफीमा क्यालोरी र कार्बोहाइड्रेट धेरै कम हुन्छ।

साथै, प्रत्येक व्यक्तिको शरीरले क्याफिनप्रति फरक प्रतिक्रिया दिन्छ।

क्याफिनले केही मानिसको रगतमा चिनीमा थोरै वृद्धि गराउन सक्छ, जबकि यसले केही मान्छेमा खासै असर गर्दैन। मधुमेह भएका व्यक्तिहरूको लागि, यो प्रभाव अलि बढी हुन सक्छ। साथै, कफी पिउने समय र मात्रामा ध्यान दिनु जरुरी छ।

**मधुमेह रोगीहरूको लागि सल्लाह**

तपाईंलाई मधुमेह छ वा तपाईं आफ्नो रगतमा चिनी नियन्त्रण गर्न खोज्दै हुनुहुन्छ भने कफी सेवन गर्दा केही कुरामा ध्यानमा राख्नु पर्छ।

यदि तपाईं कफी पिउन चाहनुहुन्छ भने, चिनी र दूध बिनाको कालो कफी उत्तम विकल्प हो।

सीमित मात्रामा कफी पिउनुहोस्। धेरै क्याफिनले निद्रालाई असर गर्न सक्छ, जसले इन्सुलिन संवेदनशीलतालाई पनि असर गर्न सक्छ।




**मल लिन किसानको भीडः**
बाँकेको खजुरास्थित बुधबार सहकारी संस्थाको कार्यालयमा मल लिन पुगेका किसानको भीड । तस्विरः राकेशकुमार मिश्र/रासस

# रात्रिकालीन यातायात बन्द गरिएपछि असन्तुष्टि



**नवीन लोचनमगर**
*रोल्पा*

दाङको घोराहीबाट होलेरी-थबाङ हुँदै रुकुमपूर्व जोड्ने सहिदमार्गको रोल्पा खण्डमा रात्रिकालीन यातायात बन्द गरिएपछि सरोकारवालाहरुले असन्तुष्टि जनाएका छन् । जिल्ला प्रशासन कार्यालय रोल्पाद्वारा जारी सूचनामा १५ भाद्रसम्म लागु हुनेगरि बेलुकी ६ बजेदेखि बिहान ५ः३० बजेसम्म सहिदमार्ग तथा अन्य भित्रि सडक सञ्चालनमा रोक लगाएपछि व्यापक असन्तुष्टि बढेको हो । सर्वदलीय, सर्वपक्षीय बैठकले सुरक्षा समितिलाई अनुरोध गरेसँगै सडक अवरुद्ध गरिएको प्रशासनले जनाएको छ ।

सडक अवरुद्ध गर्ने निर्णयप्रति केही जनप्रतिनिधि तथा सरोकारवालाहरुले भने असन्तुष्टि जनाएका छन् । 'सवारी साधन आवागमन बन्द गर्ने निर्णयले सर्वसाधारण जनता मारमा छन्,' रुन्टीगढी गाउँपालिका अध्यक्ष जनक पुनले फेसबुकमा लेखेका छन्-'यो निर्णयमा विवेक पुगेनकि भन्ने बुझाई छ ।' उनले जोखिम क्षेत्र, मौसमको अवस्था लगायतका कुरालाई निगरानी गरेर सहजीकरण गर्नुपर्नेमा बन्द गर्ने निर्णय बस्तुसंगत नभएको बताएका छन् ।

यता सहिद मार्गको मुख्य भाग पर्ने माडी गाउँपालिका अध्यक्ष अमरसिंह घर्तीले पनि पानी नपरेको र अनुकूल समयमा पनि बेलुकी ६ बजे नै सवारी साधन सञ्चालनमा रोक लगाउनु राम्रो नभएको बताए । 'सहिद मार्गको रोल्पा खण्डमा आधाजति त कालोपत्रे नै छ, अन्य ठाउँमा पनि सडक नै बन्द गर्नुपर्ने अवस्था देखिँदैन,' घर्तीले भने-'सफा मौसम भएको अवस्थामा ६ बजे त डाँडाकाँडामा घाम नै डुबेको हुँदैन, यतिबेलै बन्द गर्ने निर्णय बस्तुसंगत छैन ।' उनले बन्द नै गर्नुपर्ने अवस्थामा राती ८ बजेदेखि बिहान ४ बजेसम्म गर्न सकिने सुझाव दिए ।

सहिदमार्ग क्षेत्रमा बेलुकी गाडी सञ्चालनमा रोक लगाउँदा सर्वसाधारणले सास्ती व्यहोर्नुपरेको होलेरीस्थित सञ्चारकर्मी नन्दराम खड्का बताउँछन् । उनले ढुंगा खस्छ या विपद् हुनसक्छ भनेर सडक नै बन्द गर्ने कुरा बस्तुवादी नभएको बताए ।

सडकलाई नियमित बनाउन स्थानीय तह, प्रशासन र सडक सम्बद्ध निकायहरुले आवश्यक तयारी गर्नुपर्ने भए पनि सडक बन्द गरिनु राम्रो नभएको उनको भनाइ छ ।

यता प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले भने सर्वसाधारणको जीउधनको सुरक्षाकै लागि यस्तो निर्णय गरिएको बताए ।

'जिल्लास्थित यातायात व्यवसायी, राजनीतिक दल, सरोकारवाला सबैलाई बसालेर सबैको सहमतिमा यस्तो निर्णय भएको हो,' दाहालले भने-'यसमा अरु कुनै स्वार्थ नभइ विशुद्ध जनताको जीवनरक्षाको सवाल छ ।' उनले विपद् कतिबेला पर्छ भन्नेकुरा कसैलाई थाहा नभएको बताउँदै निर्णय बस्तुसंगत नै भएको र निर्णय कार्यान्वयनमा सबैले सहयोग गर्न अपिल समेत गरे । बेलुकी ६ बजेपछि सुरक्षा निकायसँगको समन्वयमा मात्र एम्बुलेन्स सञ्चालन गर्न सकिने सूचनामा उल्लेख छ ।

# रजत जयन्तीमा पञ्चेबाजासहितको शोभायात्रा ऱ्याली




पाल्पा । तानसेन नगरपालिका वडा नं. ४ मा रहेको मखन टोल टोल विकास संस्थाले आफ्नो २५औं रजत जयन्ती विभिन्न कार्यक्रम गरी मनाउन सुरु गरेको छ ।

संस्थाले रजत जयन्तीको अवसरमा संस्थाले पञ्चे बाजासहितको शोभायात्रा ऱ्याली निकालेको छ । मखनटोलको गणेश मन्दिरबाट सुरु भएको शोभायात्रा पञ्चेबाजाको ऱ्याली शित्तलपाटी, असनटोल, नारायणस्थान, भिमसेनटोल, टुँडिखेल, लहरेपिपल, सिल्खानटोल विशाल बजार हुँदै पुनः मखनटोलसम्म परिक्रमा गरेको छ ।

ऱ्यालीमा तानसेन नगरपालिकाका नगरप्रमुखसहितका जनप्रतिनिधि तथा कर्मचारी, सुरक्षा निकायका प्रमुखहरु, स्थानीय बासिन्दाहरू, पूर्व पदाधिकारीहरू, महिला समूहका प्रतिनिधिहरू तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

संस्थाको २५औं रजत जयन्ती कार्यक्रमलाई सम्बोधन गर्दै तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले मखन टोल विकास संस्थाले विगत २५ वर्षदेखि सामुदायिक विकास, सरसफाइ, सडक सुधार, वातावरण संरक्षण, पर्यटन प्रवर्धनलगायतका क्षेत्रमा राम्रो काम गरेको बताए ।

मखनटोल टोल विकास संस्था तानसेनकै टोल विकासको लागि गहना, अग्रणी संस्था भएको र तानसेनको नगर विकासमा सक्रिय भूमिका रहेको नगरप्रमुख श्रेष्ठले बताए ।

घरको कामबाट बाहिर निस्की मखनटोलका महिलाहरुले सामाजिक क्षेत्रमा गरेको योगदानले अन्य क्षेत्रका महिलाहरुलाई सक्रिय बनाउन प्रेरणा दिएको उनले बताए ।

संस्थाकी संस्थापक अध्यक्ष शान्ति शाक्यले संस्थाको स्थापना कालदेखि हालसम्मको यात्रा बताउँदै, सुरुवाती अवस्थाका चुनौतीहरू र चुनौतीले दिएको अवसरबारे चर्चा गरेकी थिइन । तानसेनका महिलाहरुले पनि सामाजिक क्षेत्रमा केही योगदान गरौं भनेर नै संस्थामा आबद्ध भएर निरन्तर काम गर्दै आएको संस्थापक अध्यक्ष शाक्यले जनाइन् ।

कार्यक्रममा अध्यक्ष ज्ञानु कार्कीले विगत २५ वर्षमा संस्थाले गरेका कामहरूको समीक्षा गर्दै आगामी दिनमा थप योजनाबद्ध रुपमा कार्यक्रमहरू सञ्चालन गरिने बताइन् ।

वडा नं. ४ का महिलालाई अझ बढी सहभागितामूलक बनाउँदै संस्थालाई महिलाको हकहित, आयआर्जन तथा क्षमता विकासमा केन्द्रित गर्ने प्रतिबद्धता जनाइन ।

कार्यक्रममा तानसेन नगरपालिका वडा नं. १० तेल्घाका महिलाले बजाएका नौमती बाजाले सबैको ध्यान खिचेको थियो ।

रजत जयन्तीको आवसरमा भएको कार्यक्रमको सञ्चालन संस्थाकी सदस्य कल्पना भट्टराईले गरेकी थिइन् ।

# संगठनको बृहत् रक्तदानमा २५ जनाले रक्तदान गरे



परासी । नेपाल निजामती कर्मचारी संगठन नवलपरासीले बृहत् रक्तदान कार्यक्रम गरेको छ । संगठनले स्वास्थ्यकर्मी महासंघ, पेशागत महासंघ नेपालको समन्वय तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाको प्राविधिक सहयोगमा बृहत् रक्तदान कार्यक्रम गरेको हो ।

सहिद मनोज, झपेन्द्र सुरेन्द्र स्मृति दिवसको अवसरमा बृहत् रक्तदान कार्यक्रम गरिएको संगठनका अध्यक्ष देवीलाल पौडेलले जानकारी दिए ।

संगठनको सामाजिक उत्तरदायित्वअन्तर्गत तथा रगतको अभावमा सकैको अंकलमा ज्यान नजाओस भन्ने उद्देश्यले बृहत् रक्तदानको आयोजना गरिएको पौडेलले बताए । रक्त दान कर्मचारीहरू अन्य सहभागीहरूले गरेका थिए ।

संगठन केन्द्रीय सदस्य काशिराम आचार्यको प्रमुख आतिथ्यतामा रक्तदान भएको थियो । २५ जनाले रक्तदान गरेको संगठनका सचिव अमृत भुसालले जानकारी दिए । संगठनले सुनवल नगरपालिकाको १३ बडेरामा रहेको पवित्र वृद्धश्रामका ५ जना वृद्धाहरूलाई आवश्यक खाद्यान्न सामग्री पनि वितरण गरिएको संगठनले जनाएको छ ।

# राप्ती नदीमा आपत्कालीन तटबन्ध निर्माण

नेपालगञ्ज । बाँकेको राप्तीसोनारी गाउँपालिका-७ खल्ला झगडियास्थित राप्ती नदीमा आपत्कालीन तटबन्ध निर्माण गरिएको छ । जिल्लामा राप्ती नदीको बाढीबाट बस्ती जोगाउन 'बेम्बोपाइलिङ र आरसिसी प्रकुपाइन' प्रविधिबाट आपत्कालीन तटबन्ध निर्माण गरिएको हो । तटबन्ध निर्माण भएपछि स्थानीयबासी खुशी देखिएका छन् ।

"तटबन्ध निर्माण भएसँगै बाढीको जोखिम घटेको छ, अब ढुक्कसँग बस्न पाउनेमा विश्वास लागेको छ ।"- राप्तीसोनारी-७ का वडाध्यक्ष रामलखन थारुले भने । उनले जनताको तटबन्ध कार्यालयअन्तर्गत लिइएको पहल र तत्परताको प्रशंसा गर्दै यस वर्ष वर्षामा बस्ती जोगिने धारणा राखे ।

यस वर्ष जनताको तटबन्ध कार्यालयले जेठ अन्तिमदेखि आपत्कालीन तटबन्ध निर्माण गरेपछि स्थानीयवासी बाढीको त्रासबाट मुक्त भएका छन् ।

रु छ करोड ५० लाख लागतमा पक्की तटबन्ध निर्माण गर्ने ठेक्का अनुसार बस्तीलाई डुबानबाट जोगाउन पहल थालिएको जनातको तटबन्ध कार्यालय लमही (दाङ)ले जनाएको छ ।

कार्यालय प्रमुख डा नारायणप्रसाद सुवेदीले खल्ला झगडिया र जरैयामा आपत्कालीन तटबन्ध बनाएर यस वर्ष डुबानबाट हुनसक्ने जोखिम न्त्रूनीकरणको पहल थालिएको उल्लेख गर्दै वर्षापछि स्थायी तटबन्ध निर्माण प्रक्रिया सुरु हुने जानकारी दिनुभयो ।

उहाँले यस्तो प्रविधि पूर्वी नेपाल र पश्चिम राप्ती नदीमा पनि प्रयोग गरिएको भन्दै यो प्रविधिमा खर्च पनि कटौती हुने बताउनुभयो ।

**भूमि...**

जनसंख्याको आधारमा बजेट ल्याउन माग गर्दै उनले थपे-'४० प्रतिशत जनसंख्यालाई ८९ प्रतिशत र मधेशको ६० प्रतिशत जनतालाई मात्र ११ प्रतिशत बजेट विनियोजन गरिन्छ । योभन्दा ठूलो विभेद के हुनसक्छ ?'

जबर्जस्ती लादिएको संविधानले देशको हित नहुने भन्दै पूर्व उप-प्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले गलत संविधानकै कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्र जस्तो शासन व्यवस्था पनि बदनाम भएको दाबी गरे ।

संसद् खरिद बिक्री, योजना बिक्री तथा कमिशनको खेल हुने गरेको चर्चा गर्दै संविधान संशोधन वा पुनर्लेखन गरेर जनताद्वारा प्रत्यक्ष निर्वाचित राष्ट्रपति, निर्वाचन प्रणाली, जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वलगायतका विषयहरू राख्नुपर्नेमा उनले जोड दिए ।

प्रदेशलाई अझै पनि अधिकार नदिएका कारण अपेक्षाअनुसार जनताको काम गर्न नसकेको बताउँदै जसपा अध्यक्ष यादवले भने-'प्रदेश सरकारलाई न त अधिकार दिएको छ, न पुलिस छ न कर्मचारी, प्रदेशहरूलाई अधिकारविहीन बनाइएको छ ।'

## कम्पनीको नाम परिवर्तन भएको जानकारी

**दोस्रो पटक प्रकाशित मितिः २०८२।०४।१५**

हाम्रो कम्पनी दर्ता नं. २६७३१९/०७८/०८९ तिलोत्तमा-५, मणिग्राम, रुपन्देहीमा रहेको (मणिग्राम अटो कल्ब प्रा.लि.) को २०७८/०८/२५ गते बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु/व्यहोर्नु पर्ने कर , दायित्व आदि परिवर्तत नामको कम्पनीले सकार्ने/ व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय को मिति २०७८।०८।२५ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन भई यही मिति २०७८।०९।०१ बाट (मणिग्राम अटो क्लव प्रा.लि.) भएको सर्वसाधारणको लागि जानकारी गराउँदछौ ।

## सूचना । सूचना ।। सूचना ।।।

गुल्मी जिल्ला साविक विरवास गाविस वडा नं. ९ हाल गुल्मीदरबार गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भएका भारतीय पेन्सनर जे सि नं. ६०२०६५ का सुबेदार देव बहादुर मगर १/१ गोरखा राइफल्सको नेपाली नागरिकता प्रमाणपत्र नं. ५४८२ नाम थर देव बहादुर रजाली जन्म मिति वि.सं. २०१२/१०/०४ (तदनुसार ई.सं. १८ जनवरी १९५६) उल्लेख भएको र पत्नीको नेपाली नागरिकता प्रमाणपत्र नं.५४८३ मा नाम थर जेमकली रजाली जन्ममिति वि.सं. २०१८/०७/०५ (तदनुसार ई.सं.२१ अक्टोबर १९६१) उल्लेख भएको र पेन्सन अभिलेखमा स्वयम पेन्सनरको नाम थर देव बहादुर मगर, जन्ममिति ई.सं. २७ फेब्रुअरी १९५६ तथा पत्नीको नाम जीवा देवी, जन्म मिति ई.सं. ११ मे १९६२ (तदनुसार वि.सं. २०१९/०१/२९) उल्लेख भई फरक परेको भएतापनि त्यी व्यक्ति एउटै हुन् । यस्तै प्रकारको नाम थर र जन्म मिति भएको व्यक्ति कोही भएमा सम्बन्धित निकाय जस्तै : वडा कार्यालय,जिल्ला प्रशासन कार्यालय जिल्ला निर्वाचन कार्यालयमा दाबी/विरोध गर्न सकिने भएकाले यो सूचना जारी गरिएको छ ।

## गोलिया काठ बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/४/१५

श्री आदर्श सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल समेत जातको जम्मा गोलिया थान ७५ को ९९७.६३ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यसं सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री आदर्श सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा. वडा नं. ४, नवलपरासी (ब.सु.प.)

अनुसूची– १५
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित )

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८२/०४/१५

सिद्धेश्वरी सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०४, कपिलवस्तुको वन क्षेत्र बाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल तथा अन्य जातको गोलिया थान १५७७ को ३५१९.३६ क्यु.फि. काठ र ८.५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशितं गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिद्धेश्वरी सामुदायिक वन उपभोक्ता समूह,**
बुद्धभुमि न.पा -०४, कपिलवस्तु

## गोलिया काठ / दाउरा बोलपत्रद्धरा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

डाँफे सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल समेत जातको जम्मा गोलिया थान ९० को ८७९.७५ घनफिट काठ र दाउरा साल जातको १ चट्टा जे- जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढावढ प्रकृया द्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र वोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री डाँफे सामुदायिक वन उपभोक्ता समूह**
सुनवल न.पा. वडा नं. ४, नवलपरासी (ब.सु.प.)

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# वर्ष दिनमा ३० किमि सडक कालोपत्रे



**प्रकाशडोटेल**
*स्याङ्जा*

स्याङ्जाका शहरी र ग्रामीण क्षेत्रका धेरै कच्ची सडक पछिल्लो एक वर्षमा कालोपत्रेभएका छन् । आर्थिक वर्ष २०८१/०८२ मा पूर्वाधार विकास कार्यालयले ३० किलोमिटर सडक कालोपत्रे गर्न सफल भएको छ । ५० किमि कालोपत्रे गर्ने लक्ष्य राखेको कार्यालयले ३० किमि सडकमात्रै कालोपत्रे गर्न सफल भएको हो ।

धेरै सडकहरु बहुवर्षीय योजनामा समावेश भएको हुँदा लक्ष्यअनुसार सडक कालोपत्रे गर्न नसकिएको कार्यालयले जनाएको छ । कतिपय सडक बहुवर्षीय योजनामा थिए भने कतिपय योजनालाई आर्थिक श्रोत व्यवस्थापन गर्न नसक्दा लक्ष्य पूरा हुन सकेन् । कार्यालयकाअनुसार निर्माण थालिएका केही सडक योजना निर्माण कम्पनीको कमजोरीले कालोपत्रे गर्न सकिएन् ।

पछिल्लो एक वर्षमा चापाकोट-हरिनास जोड्ने दामाचौर-हिलामऱ्याङ् १० दशमलब ५, राङ्खोला-बिरुवा खण्डमा पर्ने राङखोला-धोबादी ६ दशमलब १, पुतलीखेत-सिरुबारी पर्यटकीय सडकअन्र्तगत पुतलीखेतदेखि सतौ-दरौ ३ दशमलब १, बिरुवा र हरिनास दुई पालिका जोड्नेबिरुवा-किचनास खण्ड १ दशमलब ७ तथा दुई जिल्ला स्याङ्जा र पर्वत जोड्ने वालिङ - हुवास खण्डको पिपलटारी-बोदीभञ्ज्याङ् १ दशमलब ५ किलोमिटर सडक कालोपत्रे भएको छ ।

त्यसैगरी अल्छीखोला - रानीपोखरी खण्डमा ८५० मिटर, बिरुवा र भीरकोट दुई पालिका जोड्ने सडक खण्डको बयरघारी-बानेथोक ८ सय मिटर, ढाडाँखेत-दाह्रेगौडा २ सय मिटर सडक कालेपत्रे गरेको पूर्वाधार विकास कार्यालय स्याङ्जाका प्रमुख दयाराम अधिकारीले बताए ।

'वार्षिक कार्ययोजनाअनुसार सडक निर्माणमा पूरा जनशक्ति केन्द्रित गर्दा समेत ५० किलोमिटर सडक कालोपत्रे गर्ने लक्ष्य प्राप्ति गर्न सकिएन्,' प्रमुख अधिकारीले भने-'वर्ष भरिमा ३० किलोमिटर सडकमात्रै कालोपत्रे गर्न सकियो ।' ठेक्कामा लाग्ने सयम, बहुवर्षीय योजना, श्रोत सुनिश्चित नहुँदा र निर्माण कम्पनीले बिचमै काम छाड्दा लक्ष्य पूरा हुन नसकेको अधिकारीले बताए ।

गएको वर्ष ठेक्का सम्झौता भएका १२ वटा बहुवर्षीय सडक योजनाहरू तोकिएको समयसिमाभित्र पूरा भएन् ।

कार्यालयकाअनुसार मालुङ्गा- रुद्रबेणी सडक सम्झौताको समय सकिन तीन महिना बाँकी रहँदा ५५ प्रतिशत काम भएको छ । सात महिना समय बाँकी रहेको रत्ने-सुन्तलाबारी पर्यटकीय सडकको निर्माण कम्पनीले काम छाडेर हिँडेको छ ।

बहुवर्षीय ठेक्कातर्फकै गल्याङ्-चापाकोट, कोल्मा-ज्यामिरे, दरौ-आरुचौर, बायटारी-सेतिबेनी, किनारेभञ्ज्याङ-धुर्कोट, जिमुवा-पाखिचौर, पिपलटारी-बोदीभञ्ज्याङ्, अर्जुनचौपारी-रापाकोट, वालिङ-हुवास रबलमाटा-खिलुङ् सडकको सम्झौता समय सकिनलाग्दा निर्माणको काम सुस्त छ ।

ग्रामीण भेगका सडक कालोपत्रे भएसँगै स्थानीय उत्साहित भएका छन् । हिउँदमा खपीनसक्नु धुलो र वर्षातमा पानी पर्नासाथ हिलोमा हिँड्न बाध्य उनीहरुलाई सकडले सहज बनाएको छ । पक्की सडक बनेपछि स्थानीयस्तरमा उत्पादित वस्तु निर्यातमा सहज हुने भएपछि स्थानीय कृषि, व्यापार व्यवसायमा स्वरोजगार र आर्यआर्जनमा जोडिन थालेका छन् ।

गएको आर्थिक वर्षमा छ वटा पक्की पुल निर्माण गर्ने भनिएकोमा पौवेगौडे र रातोखोला २ पुल निर्माण सम्पन्न भएका छन् भने अन्य पक्की पुल निर्माणको क्रममा रहेको कार्यालयले जनाएको छ । कार्यालयले दिएको जानकारीअनुसार गएकै वर्ष जिल्लामा ५ वटा झोलुङे पुल निर्माण भएका छन् ।

आर्थिक वर्ष २०८१/०८२ मा १ अर्ब ३८ करोड ३ लाख ३४ हजार कुल बजेटमा कार्यालयले १ अर्ब १ करोड १२ लाख ६५ हजार पुँजीगत खर्च गरेको छ । जिल्लामा प्रदेश सरकारबाट प्राप्त पुँजीगत खर्च ८० दशमलब २० प्रतिशत हुँदा पूर्वाधारको ७३ दशमलब २६ प्रतिशत वित्तीय प्रगति छ । वित्तीय प्रगति कमजोर भएको कार्यालयले समयमै काम नसक्दा ३६ करोड ९० लाख पुँजीगत बजेट फ्रिज भएको छ ।

# गुल्मीका २२ हजार बढी नागरिक बाढीपहिरोको उच्च जोखिममा



गुल्मी । वर्षायाम सुरु भएसँगै पहाडी जिल्लामा बाढीपहिरोको जोखिम बढेको छ । त्यसैअन्तर्गत गुल्मी पनि पहिरोको उच्च जोखिममा छ । जिल्लामा गतवर्ष मात्रै मालिका गाउँपालिका-६ अर्जैमा एकैपरिवारका पाँच, मुसिकोटमा पनि एकै परिवारका चार जनाको पहिरोबाट मृत्यु भयो ।

त्यसैगरी विसं २०७६ मा पहिरोबाटै सत्यवतीमा १३ जनाको मृत्यु भयो भने सयौँ नागरिक विस्थापित भए । उनीहरूको पुनःस्थापनाको काम अझै सकिएको छैन । २०६४ सालमै मुसिकोटमा छ जनाको पहिरोमा परी मृत्यु भयो । यसवर्ष पनि यहाँका नागरिक बाढीपहिरोको उच्च जोखिममा छन् । जिल्ला विपद् व्यवस्थापन समितिले सार्वजनिक गरेको तथ्याकङ्अनुसार जिल्लामा यसवर्ष २२ हजार ४०० नागरिक बाढीपहिरोको जोखिममा छन् । सबैभन्दा धेरै मुसिकोट नगरपालिकाका १० स्थानमा बाढी र १६ स्थानमा पहिरो गरी कूल २६ स्थानका नागरिक जोखिममा छन् । मुसिकोटको समुद्र, कालीरहलगायतका स्थान बडिगाढ नदीको बाढीको जोखिम छ ।

त्यसैगरी सिम्ले, तोलादी, दजाकोटलगायतका स्थान पहिरोको उच्च जोखिममा रहेको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले जानकारी दिए । रेसङ्ग नगरपालिका-३, ६, १० र १४, सत्यवतीको ठूलोलुम्पेक, चेहेमी, लिम्घा, हँसरा, अश्लेवा, मदानेको अग्लुङ, निपाने, रघवाफेदी, पैयापाटा, बाँझकटेरी, म्यालपोखरी, पुर्कोटदह, धुर्कोटको नयाँगाउँ, गोपे, रातामाटा, अजिमिरकोटलगायतका स्थान पहिरोको उच्च जोखिममा छन् ।

त्यसैगरी छत्रकोटको कोटाग्दी, टुनिखर्क, चुरचुरे, बुटिल, मथुरे, हर्दिनेटा, रुरुक्षेत्रको रिमुवा, रिडी बजार, कालीगण्डकीको पूर्तिघाट, इस्माको अगारे, कँडेनी, हस्तिचौरलगायतका स्थान पहिरोको उच्च जोखिममा छन् ।

विपद्को पूर्वतयारीका लागि जिल्लामा सुरक्षाकर्मीलाई तयारी अवस्थामा राखिएको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले बताए । पहिरो गइसकेपछि प्रभावित नागरिकलाई नजिकैको विद्यालय वा खाली चउरमा सार्नेलगायतका तयारी गरिएको गैरेले जानकारी दिए ।

# भुसाल डाँडा माविमा वातावरण बहस तथा वृक्षरोपण




पाल्पा । लायन्स क्लब अफ पाल्पा प्राइडले तानसेन नगरपालिका वडा नं.१ भुसाल डाँडा माध्यमिक विद्यालयमा "गो ग्रीन" अन्तर्राष्ट्रिय अभियानअन्तर्गत विद्यार्थीहरुसँग प्यानल छलफल तथा वृक्षरोपण कार्यक्रम गरेको छ ।

कार्यक्रममा तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बालबालिका तथा विद्यार्थीहरुबिच वातावरण संरक्षण, महत्व, तथा गर्नुपर्ने क्रियाकलापको बारेमा जानकारी तथा सचेतना फैलाएर लायन्स क्लब अफ पाल्पा प्राइडले राम्रो काम गरेको बताए ।

यस्ता बहस, छलफल कार्यक्रमहरु अन्य क्षेत्रमा पनि गर्दै जानुपर्नेमा नगर प्रमुख श्रेष्ठले जोड दिए ।

कार्यक्रममा डिभिजन वन कार्यालय पाल्पाका वरिष्ट अधिकृत खिलबहादुर तामाङ्गले जलवायु परिवर्तनको कारण मानवीय जीवन संकटमा पर्दै गएकोले भावी पुस्तालाई वातावरणको विषयमा जानकारी गराए । ध्यानआर्कषण गर्नु, वातावरको महत्व बारेमा प्रष्टाउनु राम्रो काम भएको उनले बताए ।

कार्यक्रममा वातावरण संरक्षण, सरसफाइ, तथा फोहर व्यवस्थापनका विषयमा सरोकारवालाहरूसँग विद्यार्थीहरूले अन्तरक्रिया गरेका थिए । वातावरणीय सचेतना अभिवृद्धि गर्ने उद्देश्यले गरिएको कार्यक्रमले सरोकारवाला, विद्यार्थी तथा समुदायबिच समन्वयात्मक प्रयासलाई बल दिएको छ । कार्यक्रमले वातावरण जोगाउनु, हामी सबैको साझा जिम्मेवारी भन्ने मूल मन्त्रलाई झकझकाएको छ ।

कार्यक्रममा जीएटी लिडर लायन सुशील प्रधान, तानसेन नगरपालिका वडा नं. १ का अध्यक्ष सुनील बस्याल, वडा नं. ६ का अध्यक्ष सागर मान महर्जन, एरिया २ की एरिया प्रमुख गंगा खत्री, साथै लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ पि का विभिन्न जिल्ला सल्लाहकारहरुको सहभागिता रहेको थियो । लायन्स क्लब अफ पाल्पा प्राइडकी अध्यक्ष एन्जिना खनालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव कला दाहालले गरेकी थिइन ।

# इनरह्वील क्लब अफ बुटवलको अध्यक्षमा बुलबुल



बुटवल । इनरह्वील क्लब अफ बुटवलको वर्ष २०२५/०२६ को अध्यक्षमा बुलबुल श्रेष्ठ चयन भएकी छिन् । मंगलबार भएको २३औं इन्स्टलेसन सेरोमनिमा नयाँ नेतृत्व चयनसँगै पदहस्तान्तरण गरिएको हो ।

वर्ष २०२४/०२५ का अध्यक्ष सम्झना ज्ञवालीले वर्ष २०२५/०२६ को अध्यक्ष बुलबुल श्रेष्ठलाई पद हस्तान्तरण गरेकी हुन् ।

इनरह्वील क्लब अफ बुटवलको आइपिपिमा सम्झना ज्ञवाली, प्रथम उपाध्यक्षमा लुना श्रेष्ठ, द्वितीय उपाध्यक्ष विश्व श्रेष्ठ, सचिवमा गंगा श्रेष्ठ, कोषाध्यक्षमा अनिता श्रेष्ठ, आइएसओमा सुकमाया ध्वजु तथा इडिटरमा दिपा श्रेष्ठ चयन भएकी छन् ।

यस्तै सह-सचिवमा मिथिला श्रेष्ठ, सह-कोषाध्यक्ष गीता श्रेष्ठ तथा एक्जुकेटिभ मेमबरहरुमा सोनाली गुरुङ, निर्मला श्रेष्ठ र अम्बिका लम्साल चयन भएका छन् । यस्तै सल्लाहकारहरुमा राधिका गुरुङ, सानू श्रेष्ठ, यमुना श्रेष्ठ र रयीश श्रेष्ठ चयन भएका छन् ।

पदहस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि इनरह्वील डिस्ट्रिक्ट ३५० नेपालका डिस्ट्रिक्ट चेयरमेन कमला श्रेष्ठले इनरह्वीलको थीमअनुसार काम गर्न सुझाब दिँदै नयाँ कार्यसमितिलाई शुभकामना व्यक्त गरिन् ।

बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले महिलाहरु अब आत्मनिर्भर हुनुपर्ने बताइन् । उनले बुटवल उप-महानगरले महिलालाई आत्मनिर्भर बनाउन विभिन्न तालिमहरु गर्दै आएको बताइन् ।

कार्यक्रममा इनरह्वील डिस्ट्रिक्ट ३५० नेपालका चार्टर्ड प्रेसिडेन्ट पिएनआर समिरा ध्वजू, रोटरी क्लब अफ बुटवलका अध्यक्ष कृष्ण पराजुली, निवर्तमा अध्यक्ष सम्झना ज्ञवालीलगायतले बोलेका थिए ।

सो अवसरमा नवनियुक्त अध्यक्ष श्रेष्ठले डाइरेक्ट्रि समेत प्रकाशन गरेकि थिइन् ।

# उर्वरको रक्तदानमा ६१ युनिट संकलन




बुटवल । बुटवल ६ मा रहेको उर्वर बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आयोजना गरेको रक्तदान कार्यक्रममा ६१ युनिट रगत संकलन गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी, रुपन्देहीको प्राविधिक सहयोगमा रक्तसञ्चार सेवा केन्द्र बुटवलमा भएको कार्यक्रममा सहकारीका सदस्य तथा सर्वसाधारणले रक्तदात गरेको कार्यक्रमका संयोजक एवं सहकारीका सचिव शम्भु आचार्यले रक्तदानजस्तो मानवीय कार्यमा सहकार्य गर्ने सबैप्रति आभार व्यक्त गर्दै निरन्तर सामाजिक क्रियाकलापमा संस्था सक्रिय रहने प्रतिबद्धता जनाए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल स्वयंसेवी रक्तदाता समाज, जिल्ला शाखा रुपन्देहीका अध्यक्ष कृष्ण चौहान क्षेत्रीले नियमित रक्तदानको महत्त्वमा प्रकाश पार्दै सहकारी संस्था जस्ता सामाजिक संघसंस्थाको भूमिका सराहनीय रहेको बताए ।

उर्वर सहकारीकी अध्यक्ष मायादेवी थापाको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष शालिकराम बञ्जाडे, पूर्व अध्यक्ष रामप्रसाद आचार्य, उपाध्यक्ष तेजलाल आचार्यलगायतले बोल्दै संस्थाको योगदान र रक्तदानको आवश्यकताको बारेमा बोलेका थिए ।

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क: बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

कर्मचारी आवश्यकता
होटल रेडशनको परिसरमा अवस्थित विन स्टार क्यासिनोमा विभिन्न पदहरुको लागि दक्ष तथा इमान्दार कर्मचारीहरुको आवश्यकत परेको हुँदा इच्छुक अनुभवी व्यक्तिहरुले आ-आफ्नो CV सहित तल दिइएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।
१. किचन २. फुड एण्ड वेभरेज
३. गेमिङ्ग ४. जि.एस.ए
५. मार्केटिङ्ग ६. हाउस किपिङ्ग
७. स्वीपर्स ८. ड्राइभर
९. निगरानी कर्मचारी १०. क्यासियर
नोट: 5th August 2025 सम्म CV संकलन गरिने छ ।
भैरहवा
सम्पर्क नं.: ९८४१७३०६८७, ९८०१७१८७४२, ९८४१२८०७४१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com